जि.प्र.का. काठमाडौं दर्ता नं.- ६१९/२०७३/७४ सकप आबद्धता नं.-४५२४६

"बालबालिका र विद्यालय शान्तिक्षेत्र हुन्" "बालबालिका राष्ट्रिय गौरव हुन्"

# बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)

# Children as Zones of Peace National Campaign (CZOP)

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान

## विस्फोटक पदार्थ पड्कदा बालबालिका घाइते भएकोप्रति सिजपको ध्यानाकर्षण ।

धनुषाको जिल्लाको मिथिला नगरपालिका वडा ९ र महोत्तरीको बर्दिबासमा शंकास्पद वस्तु पड्किदा दुई बालबालिका सहित चार जना घाइते भएकोप्रति बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान(सिजप)को गम्भीर ध्यानाकर्षण भएको छ । धनुषा जिल्लाको मिथिला नगरपालिका वडा ९ बडहरीस्थित पूर्व-पश्चिम लोकमार्गको बडहरी पुलमाथि शंकास्पद वस्तु पड्किदा मिथिला नगरपालिका-८ जमुनिवास बस्ने टेकबहादुर भुजेलकी १५ वर्षीया छोरी आशा भुजेलको दायाँ-बायाँ खुट्टामा चोट लागेको र स्थायी घर गुल्मी भई हाल मामा रिठबहादुर मगरको घरमा बस्दै आएका ८ वर्षीय सुशील माझीको हात, खुट्टा र छातीमा चोट लागेको छ र दुवै जनाको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ । सिजप, यस प्रकृतिका घटनाबाट घाइते सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै निःशुल्क र प्रभावकारी उपचारको प्रबन्ध मिलाउनको लागि सबद्ध सबै पक्षलाई आग्रह गर्दछौं ।

त्यसैगरी बर्दिबास नगरपालिका-१ स्थित रातो पुलमा शंकास्पद वस्तु पड्किदा कैलाली घोडाघोडी-१० का २५ वर्षीय सन्देश चौधरी र २२ वर्षीय समीर चौधरी घाइते भएका छन् । देशका विभिन्न स्थानहरू, सुर्खेतको छिन्चुमा, रौतहट जिल्लाको चन्द्रपुर-५, राजपैडास्थित आधुनिक प्रा.वि. स्कुलबाट करिब २ सय मिटर दक्षिणमा, महोत्तरीको बर्दिबासमा, कास्कीको पोखरा महानगरपालिका-६ लेकसाइड नजिकको लालुपाते मार्गमा, कञ्चनपुरको कृष्णपुर नगरपालिका-२ वाणीस्थित पूर्वपश्चिम राजमार्गमा, मोरङ जिल्ला प्रशासन कार्यालय अगाडि शंकास्पद वस्तु भेटिएको छ । काठमाडौंको नैकाप र सुकेधारामा गाडीहरूमा आगो लगाइएको घटना सार्वजनिक भएका छन् । प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को मौनअवधिमा भएको यस्तो घटनाले आम सर्वसाधरणको साथै बालबालिकामाथि सुरक्षा जोखिम बढेको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्नु/गराउनु पर्नेमा यस्तो घटनामा अझ बालबालिका पर्नु दुःखद छ । निर्वाचनमा अधिकांश मतदान स्थलहरू विद्यालयमा बनाइएकोले यस्तो घटनामा विद्यालय र बालबालिका जोखिममा पर्न सक्छन् र बालबालिकामा झनै गम्भीर समस्याहरू पर्नसक्ने भएकोले सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गराउँदछौं ।

बालबालिकाको भयरहित वातावरणमा बाँच्न पाउने अधिकार, संरक्षित हुने अधिकारप्रति प्रतिबद्ध हुन सम्पूर्णमा अपिल गर्दछौं । बालबालिकाको सुरक्षित तथा संरक्षित जीवन सुनिश्चितताको लागि नेपाल सरकार सम्बद्ध संवैधानिक, कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक रूपमा प्रतिबद्ध रहेको नै छ । यसका साथै बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको सुरक्षा तथा संरक्षणका लागि उचित उपाय अवलम्बन गर्न स्थानीय तहलाई प्रोत्साहन गरेको छ । यस्ता घटनाहरू दोहोरिन नदिनको निम्ति सचेतना अपनाउन आफ्ना बालबालिकालाई आफ्नो संरक्षणमै राख्न घरमै छलफल गरी उनीहरूसँगै समय बिताउन अभिभावकहरूलाई समेत हार्दिक अनुरोध गर्दछौं । बालबालिकालाई भयरहित वातावरणमा खेल्न, हिड्न र विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मान्यतालाई आत्मसात् गर्दै विभिन्न सरकारी निकाय, राजनीतिक दल, क्रियाशील राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय नागरिक सङ्घ संस्था, निजी क्षेत्र सम्बद्ध सबैमा बालबालिकाको संरक्षणलाई प्राथमिकतामा राख्न हार्दिक अनुरोध गर्दछौं ।

तिलोत्तम पौडेल
अध्यक्ष

राजु घिमिरे
महासचिव

मिति : २०८२ फाल्गुन १९ गते

Gautam Buddha Marga, Anamnagar-29, Kathmandu, Nepal | Ph.01-5244062, 9851332481
www.czopnepal.org | Email : czopp.central@gmail.com | Facebook.com/czopnepal.org